# नेपाल मुद्रण उद्योग महासंघ
# FEDERATION OF NEPAL PRINTERS' ASSOCIATION

Central Office: Kathmandu, Nepal, Tel: +977-1-5910977

**Bulletin**

Year : 3 Volume : 4 Magh 2080


# पत्रकार सम्मेलन र सम्मान कार्यक्रम सम्पन्न





२०८० जेठ १३ गते नेपाल मुद्रण उद्योग महासंघको आयोजनामा होटल एभरेष्ट नया बानेश्वर काठमाडौंमा सामुदायिक विद्यालयका कक्षा १-५ का पाठ्यपुस्तकहरू २०७९-८० नीजि क्षेत्रले छाप्ने अनुमति पाएकोले समयमै विद्यार्थीका हातहातमा पुगेको कुरा सर्वसाधारण र सम्बन्धित पक्षलाई जानकारी दिन पत्रकार सम्मेलन र २०७९ चैत्र २८ र २९ गते नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं साधारण सभा तथा अधिवेशनबाट निर्वाचित पदाधिकारी सहित वस्तुगत तर्फका कार्यकारीणी समितिका सदस्यहरूलाई सम्मान कार्यक्रम सम्पन्न गरेको छ। नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष खोमकान्त रेग्मीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रम महासंघका महासचिवले संचालन गर्नुभएको थियो। नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष श्री चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा वस्तुगत तर्फका उपाध्यक्ष श्री हेमराज ढकाल, एशोसिएटस् तर्फका उपाध्यक्ष श्रीमती ज्योत्सना श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा कृषि समितिका सभापति श्री डिबी बस्नेत सहित वस्तुगत तर्फका कार्यकारी समितिका सदस्यहरू श्री नरेशलाल श्रेष्ठ, श्री भक्त वहादुर हमाल, श्रीमती कमला श्रेष्ठ, श्री राजकुमार कार्की, श्री हरिवहादुर कार्की, श्री लिलेन्द्र प्रसाद प्रधान, श्री मनोज अधिकारी, श्री नानीराज घिमिरे, श्री पशुपतिदेव पाण्डे, श्री रविन पुरी, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य श्री सुनिल गोपाल श्रेष्ठ, नेपाल मुद्रण उद्योग महासंघका निवर्तमान अध्यक्ष, श्री पुस्कल गौतम, पूर्व अध्यक्ष श्री माधव केसी, नेपाल मुद्रण उद्योग संघका निवर्तमान अध्यक्ष श्री शंकर खड्का, वरिष्ठ मुद्रण व्यवसायी श्री दिपक अधिकारी, महासंघका पदाधिकारी सहित कार्य समितिका सदस्यहरू, प्रदेशका पदाधिकारी सहित कार्यसमितिका सदस्यहरू काठमाडौं, ललितपुर, भक्तपुरका अध्यक्षहरू सहित पदाधिकारी र कार्य समितिका सदस्यहरू सहित लब्ध प्रतिष्ठित मुद्रण व्यवसायीहरूको महत्त्वपूर्ण उपस्थिति रहेको थियो।





# मुद्रण उद्योग संघ रूपदेन्ही र नेपाल स्वयंसेवी रक्तदाता समाज, तिलोत्तमा शाखाको संयुक्त रक्तदान कार्यक्रम सम्पन्न






१५ असार २०८०, रगतको अत्याधिक अभाव भएको अवस्थामा मुद्रण उद्योग संघ रूपन्देही र नेपाल स्वयंसेवी रक्तदाता समाज तिलोत्तमा शाखाको संयुक्त आयोजनामा रक्तसञ्चार सेवा केन्द्र, बुटवलमा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । रूपन्देही जिल्ला भित्र रहेका मुद्रण (छापाखाना) व्यवसायीहरूको छाता संगठनको रूपमा रहेको मुद्रण उद्योग संघ रूपन्देहीले विभिन्न सामाजिक क्रियाकलाप अर्न्तगत रक्तदान कार्यक्रम सम्पन्न गरेको हो। उक्त रक्तदानका कार्यक्रममा ३० जना रक्तदाताहरूले रक्तदान गर्नु भएको थियो । मुद्रण उद्योग संघ रूपन्देहीको अध्यक्ष श्री लिलाधर लुइटेलको अध्यक्षता, नेपाल स्वयंसेवी रक्तदाता समाज, तिलोत्तमा शाखाका अध्यक्ष श्री गोविन्द भुसालको स्वागत मन्तव्य तथा मुद्रण उद्योग संघ रूपदेन्हीका सचिव र ने.स्व.र.स., तिलोत्तमा शाखामा महासचिव श्री सागर पाठकको सञ्चालनमा भएको उक्त कार्यक्रममा मुद्रण उद्योग संघ रूपन्देहीका उपाध्यक्ष श्री पशुपति पौडेलले शुभकामना मन्तव्य राख्नुभएको थियो। उक्त कार्यक्रममा ने.स्व.र.स. केन्द्रिय महासचिव तथा रूपन्देही जिल्ला अध्यक्ष, श्री कृष्ण चौहान क्षेत्रीले विभिन्न संस्थाहरू यसै गरी रक्तदान कार्यक्रममा जुट्दै गएमा रगतको अभावले कसैको ज्यान जानु नपर्ने भन्दै आगामी दिनमा समेत मुद्रण उद्योग संघले निरन्तर कार्यक्रमहरू राख्ने विश्वास जनाउनु भएको थियो ।

# मुद्रण उद्योग महासंघको सचिवालय बैठक सम्पन्न




३० जेठ २०८०, नेपाल मुद्रण उद्योग महासंघको सचिवालय बैठक काठमाडौं स्थित नेपाल मुद्रण महासंघको कार्यालय आलोकनगर काठमाडौमा सम्पन्न भयो । अध्यक्ष श्री खोमकान्त रेग्मीको अध्यक्षतामा सम्पन्न सो बैठक महासचिव श्री कमलप्रसाद पोखरेलले संचालन गर्नुभएको थियो । बैठकमा महासंघका निवर्तमान अध्यक्ष श्री पुस्कल गौतम, प्रथम उपाध्यक्ष श्री अरूण सापकोटा, द्वितीय उपाध्यक्ष श्री राजकुमार घिमिरे, उपाध्यक्षहरू श्री कुयाङ लामा, श्री मनोज जि.सी., उपमहासचिव श्री अर्जुन प्रसाद सापकोटा, कोषाध्यक्ष श्री सुदिप न्यौपाने र सचिवालय सदस्य श्री गौराज श्रेष्ठको उपस्थिति रहेको थियो। बैठकले केन्द्रीय समितिको बैठक तय गर्नुको साथै २०७९ असार १० र ११ गते पार्क भिलेज बुढानिलकण्ठमा सम्पन्न महासंघको कार्ययोजना तर्जुमा गोष्ठीका सम्पूर्ण प्रतिवेदनलाई व्यवस्थित बनाउँदै महासंघको सम्पत्तिको रूपमा संग्रहीत गर्ने निर्णय गऱ्यो । ०८० जेष्ठ १३ गते होटल एभरेष्टमा सम्पन्न निजि क्षेत्रका सामुदायिक विद्यालयका पाठ्यपुस्तक छपाई सम्बन्धी पत्रकार सम्मेलन र नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारी सहित वस्तुगत तर्फका कार्यकारीणी समितिका सदस्यहरूलाई गरिएको सम्मान कार्यक्रमको विषयमा समिक्षा समेत गरिएको थियो । बैठकले नेपाल सरकारको मुद्रण निति विरूद्धको अध्यादेशका विषयमा पनि छलफल गरेको थियो। वागमती प्रेसका संचालक श्री नवराज सापकोटाका पुजनीय पिताको स्वर्गारोहण भएकोमा बैठकले शोक प्रस्ताव समेत पारित गरेको थियो ।

# नेपालको तर्फबाट Asia Print Technology 2023 र एसिया प्रिन्टको महाधिवेशनमा प्रतिनिधित्व






२४ श्रावण २०८०, मलेसियामा हुने Asia Print Technology 2023 र एसिया प्रिन्टको महाधिवेशनमा भागलिन नेपालको तर्फबाट उपाध्यक्ष श्रीमती हिमकुमारी उपाध्याय र नर्सिङ्ग धामीको नेतृत्वमा ८ सदस्सीय टोली त्यसतर्फ प्रस्थान गरेको थियो । मलेसिया, सिङ्गापुर, थाइल्याण्डको अनौपचारिक भ्रमणको योजना सहित नेपाली टोली त्यसतर्फ प्रस्थान गरेको थियो ।

टोलीमा नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय सदस्य श्री मनिकान्त मिश्र, श्री हिरामणि चौलागाई, श्री सोम ढकाल, गण्डकी प्रदेश अध्यक्ष श्री वसन्त वाँस्तोला, निवर्तमान गण्डकी प्रदेश अध्यक्ष श्री महेन्द्र वजिमिया र वरिष्ठ मुद्रण व्यवसायी श्री दिपक कुमार वुढाको सहभागिता रहेको थियो । उक्त टोलीलाई महासंघका अध्यक्ष र महासचिवले त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलमा विदाई गर्नुभएको थियो ।

# नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष वस्तुगत परिषदमा मनोनित




१५ असार २०८०, नेपाल उद्योग वणिज्य महासंघका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालबाट नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीलाई वस्तुगत परिषदमा मनोनित गर्नुभएको थियो । महासंघका वस्तुगत परिषदका अध्यक्ष श्री हेमराज ढकालको समितिमा नेपाल मुद्रण उद्योग महासंघको तर्फबाट उहाँलाई मनोनित गरिएको हो ।

## हार्दिक श्रद्धाञ्जली



**स्व. भवानी दत्त बोहरा**

नेपाल मुद्रण उद्योग महासघंका सदस्य तथा महाकाली मुद्रण उद्योग संघ कंचनपुरका संस्थापक र वर्तमान अध्यक्ष तथा भवानी प्रिन्टिङ्ग प्रेस महेन्द्रनगरका सञ्चालक, वरिष्ठ मुद्रण व्यवसायी आदरणीय मित्र **भवानी दत्त बोहरा**ज्यूको उपचारको क्रममा काठमाडौंमा भएको असामयिक स्वर्गारोहणको खबरले हामी र हाम्रो महासंघ परिवार अत्यन्तै मर्माहत भएको छ । दुःखको यस घडीमा स्वर्गीय आत्माप्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनामा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**खोमकान्त रेग्मी**
अध्यक्ष तथा
**नेपाल मुद्रण उद्योग महासंघ परिवार**

# मुद्रण उद्योग संघ ललितपुरको स्थापना दिवस






सोमबार, साउन २९, २०८०, ललितपुर । ललितपुरका मुद्रण व्यवसायीहरुको छाता संस्था ललितपुर मुद्रण उद्योग संघले १० औं स्थापना दिवस भव्य कार्यक्रम आयोजना गरी मनाएको छ। संघले स्थापना दिवसका अवसरमार मुद्रण व्यवसायको वर्तमान अवस्थाका बारेमा व्यवसायीबीच अन्तर्क्रिया पनि गरेको छ ।  स्थापना दिवसका अवसरमा मुद्रण व्यवसायीलाई कर-भ्याट तथा संस्था अद्यावधिक राख्ने विषयमा आन्तरिक राजश्व कार्यालय ललितपुरका कर अधिकृत बोलाएर प्रष्ट्याउने काम पनि गरेको थियो। १० औं स्थापना दिवस भएकाले १० वटा मैन बत्ती बालेर कार्यक्रमको सुरूवात गरिएको थियो । मुद्रण व्यवसायीहरुले केक काटेर स्थापना दिवस मनाएका थिए। कार्यक्रममा संस्थाका विभिन्न तरिकाले योगदान पुऱ्याएका व्यक्तित्वहरुलाई सम्मान पनि गरिएको थियो। कोरोना महामारीका कारण खस्कँदो आर्थिक क्षेत्रका कारण मुद्रण व्यवसाय पनि अप्ठ्यारो अवस्थामा पुगेको भन्दै व्यवसायीले चिन्ता व्यक्त गरेका थिए। उनीहरुले कम प्राप्त हुनु तथा कामदार पनि पर्याप्त नपाउँदा मुद्रण कार्यमा थप कठिनाई भएकोतर्फ ध्यानाकर्षण गराएका थिए। कोरोना महामारीपछि डिजिटल युगमा प्रवेश गर्नुपर्ने बाध्यताका कारण अहिले मानिसहरु त्यसैमा अभ्यस्त हुँदा मुद्रण कार्यतर्फ आकर्षण घट्दो रहेकोतर्फ विचार गर्दै मुद्रणमा पनि विधिधता ल्याउनु पर्नेमा जोड दिइएको थियो । स्थापना दिवस कार्यक्रमका प्रमुख अतिथि नेपाल मुद्रण उद्योग महासंघका बरिष्ठ उपाध्यक्ष श्री विष्णु तिवारीले मुद्रण व्यवसायलाई टिकाइ राख्न काममा विविधिकरण ल्याउनु पर्नेमा जोड दिए। नेपाल मुद्रण उद्योग महासंघका महासचिव श्री कमल पोखरेलले कोरोना महामारी तथा आर्थिक मन्दीका कारण मुद्रण व्यवसायमा संकट आएको बताए। मुद्रण उद्योग संघ काठमाडौंका अध्यक्ष श्री घननारायण श्रेष्ठले मुद्रण व्यवसायका चुनौती प्रशस्त आएको बताए। मुद्रण उद्योग संघ ललितपुरका अध्यक्ष श्री राजकुमार घिमिरेको सभापतिका भएको कार्यक्रममा आन्तरिक राजश्य कार्यालय लगनखेलका कर अधिकृत द्वयले कम्पनी दर्ता तथा कर शिक्षाका बारेमा प्रस्तुतिकरण दिएका थिए।

# मुद्रण विभागमा महासंघ



८ भाद्र २०८०, मुद्रण विभागको आयोजनामा सोह्रौ योजना तर्जुमा सम्बन्धी स्वीकृत अवधारणा पत्र वमोजिम मुद्रण सम्बन्धी कार्यक्षेत्रमा निजिक्षेत्र सहित अन्य निकायहरुको धारणा समेत सोह्रौ योजनामा समावेश गर्ने सम्बन्धमा क्षेत्रगत मस्यौदा तयारीको कार्यक्रम सुचना तथा सञ्चार मन्त्रालय अन्तर्गत मुद्रण विभागको कार्यकक्षमा भएको बैठकमा निजि क्षेत्रको तर्फबाट धारणा राख्दै नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीले सरकारी निकायबाट गरिनुपर्ने सुधारका विषयमा सहभागीहरूको ध्यानाकर्षण गराउनुभएको थियो।

उपस्थित सबैजसो नेपाल सरकारका विभिन्न क्षेत्रका मुद्रण सम्बन्धित व्यक्तिहरू रहेको सो कार्यक्रम सरकारी र निजि क्षेत्रले मुद्रण प्रविधि र यसलाई सुधार गर्ने र गर्नपर्ने कामका बारेमा छलफल केन्द्रित थियो।



# नेपाल मुद्रण उद्योग महासंघ वाग्मती प्रदेशको अधिवेशन सम्पन्न






९ भाद्र २०८०, सिद्धार्थ कटेज ललितपुरमा वाग्मती प्रदेशको दोस्रो अधिवेशन एवम् साधारण सभा भव्य रूपमा सम्पन्न भएको थियो । अधिवेशन वाग्मती प्रदेश तत्कालिन अध्यक्ष भक्त श्रेष्ठको अध्यक्षतामा नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

अधिवेशनले अध्यक्षमा श्री अजयवादे श्रेष्ठ, निवर्तमान अध्यक्ष श्री भक्त बहादुर श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष श्री अर्जुन बहादुर (कमल) कार्की रहेको १७ सदस्यीय समिति गठन गरेको छ । बाँकी सदस्य अनुपस्थित जिल्लाहरूबाट पछि पूर्ति गरिने गरी यो समिति बनेको हो । जस अनुसार प्रथम उपाध्यक्ष श्री अनिल लामा, द्वितीय उपाध्यक्ष श्री दिनेश नेपाल, सचिव श्री लक्ष्मण सिलवाल शर्मा, सहसचिव श्री टंक पुरी (प्रकाश), कोषाध्यक्ष श्री सुदेश श्रेष्ठ, सहकोषाध्यक्ष श्री इन्द्रप्रसाद पालिखेल र सदस्यहरूमा श्री रमेशकाजी श्रेष्ठ, श्री जगननाथ खड्का, श्री सरोज गजुरेल, श्री उपकार सापकोटा, श्री सुविन श्रेष्ठ, श्री गणेश बहादुर राउत, श्री विजयकुमार घिमिरे र श्री विष्णु थापा सर्वसम्मतिबाट निर्वाचित हुनुभएको थियो ।




कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष श्री पुस्कल गौतम विशिष्ठ अतिथि हुनुहुन्थ्यो भने पूर्व अध्यक्ष श्री माधव केसी, सल्लाहकारहरू श्री भरतकुमार श्रेष्ठ, श्री युवराज श्रेष्ठ लगायत चितवन, मकवानपुर, काठमाण्डौं, ललितपुर सहितका जिल्लाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रम संघका सचिव श्री गोपाल गैरेले संचालन गर्नु भएको थियो । अन्त्यमा सपथ ग्रहण पश्चात् नवनिर्वाचित अध्यक्ष श्री अजयवादे श्रेष्ठले आफ्नो प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

*नेपाल मुद्रण उद्योग महासंघ बागमती प्रदेशको दोस्रो अधिवेशनबाट निर्वाचित अध्यक्ष सहित सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई*

## हार्दिक बधाई




**नेपाल मुद्रण उद्योग महासंघ**
Federation of Nepal Printer's Association

# मुद्रण उद्योग संघ वर्दियाको साधारण सभा तथा अधिवेशन सम्पन्न






२०८०/६/२० वर्दिया मुद्रण उद्योग संघको साधारण सभा तथा अधिवेशन भव्य रूपमा सम्पन्न भएको थियो । नेपाल मुद्रण उद्योग महासंघकी केन्द्रीय सहसचिव श्री मिना ढकालको प्रमुख आतिथ्यतामा र संघका अध्यक्ष श्री महेश अधिकारीको अध्यक्षतामा सम्पन्न सो अधिवेशनले सन्तोष भट्टराईको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति निर्वाचित गरेको थियो । जसअनुसार उपाध्यक्ष श्री नारायण अधिकारी, सचिव श्री कृपालाल चौधरी, सहसचिव श्री प्रेम आले, कोषाध्यक्ष श्री श्याम चौधरी, सदस्यहरू श्री धीरज अधिकारी, श्री सीताराम थारू, श्री दिपेन्द्र थारू, श्री सुमन वली, श्रीमती सुनिता थारू र श्री सुरेश दहित रहेका छन् । सो अधिवेशनमा जिल्लाका पूर्व कार्यसमितिका पदाधिकारीहरू सहित मुद्रण व्यवसायीहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

## महासंघको सहभागिता

४ असोज २०८०, नेपाल इट्टा उद्योग महासंघको निमन्त्रणालाई स्वीकार गर्दै बाँकेको होटल सेन्ट्र प्लाजा कोहलपुरमा सम्पन्न १५ औं वार्षिक साधारण सभामा नेपाल मुद्रण उद्योग महासंघकी सहसचिव श्रीमती मिना कुमारी ढकाल सो कार्यक्रममा अतिथिको रूपमा महासंघको नेतृत्व गर्दै सहभागी हुनुभएको थियो ।









## हार्दिक बधाई

*मुद्रण उद्योग संघ बर्दियाको अधिवेशनबाट निर्वाचित अध्यक्ष **सन्तोष भट्टराई** सहित सम्पूर्ण पदाधिकारी र सदस्यहरुमा हार्दिक बधाई सहित सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।*

**खोमकान्त रेग्मी**
अध्यक्ष तथा
**नेपाल मुद्रण उद्योग महासंघ परिवार**

## हार्दिक बधाई



**श्री कृष्णप्रसाद पराजुली**

नेपाल मुद्रण उद्योग महासंघका सचिवालय सदस्य, लुम्बिनी प्रदेशका अध्यक्ष तथा रूपन्देही मुद्रण उद्योग संघका सल्लाहकार **श्री कृष्णप्रसाद पराजुली**ज्यू, रूपन्देही उद्योग संघको वरिष्ठ उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**खोमकान्त रेग्मी**
अध्यक्ष तथा
**नेपाल मुद्रण उद्योग महासंघ परिवार**

# नेपाल उद्योग वाणिज्य महासंघ र कृषि विश्वविद्यालय रामपुर चितवन बिच छलफल





२० भाद्र २०८०, कृषि विश्वविद्यालय रामपुर चितवन र नेपाल उद्योग वाणिज्य महासंघ बिच व्यवसायिक विषयमा छलफल भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ र कृषि विश्व विद्यालय विचको सो कार्यक्रमको नेतृत्व वस्तुगत संघका उपाध्यक्ष श्री हेम राज ढकालले गर्नुभएको थियो । कार्यक्रममा कृषि विश्वविद्यालयका भिसी श्री पुण्य रेग्मी, रजिष्टार डा.शारदा थपलिया, कृषि क्याम्पसका डिन लगायत महत्त्वपूर्ण व्यक्तिहरूको उपस्थिति रहेका थियो भने महासंघको तर्फबाट वस्तुगत परिषदका अध्यक्ष श्री हेमराज ढकाल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य श्री पशुपति देव पाण्ड, वस्तुगत परिषदका उपाध्यक्ष द्वोय श्री किरण डँगोल र श्री बसन्त मरहट्टा सहित श्री सन्दिप केडिया, श्री खोमकान्त रेग्मी, लगायतको उपस्थिति थियो । कार्यक्रम बडो सौहार्द्धताका साथ सम्पन्न भएको थियो ।




## हार्दिक बधाई



**श्री अर्जुन प्रसाद सापकोटा**

नेपाल मुद्रण उद्योग महासंघका उप-महासचिव **श्री अर्जुन प्रसाद सापकोटा**ज्यू, चितवन उद्योग संघको सदस्यमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**खोमकान्त रेग्मी**
अध्यक्ष तथा
**नेपाल मुद्रण उद्योग महासंघ परिवार**

## हार्दिक बधाई



**श्री गोपाल गैरे**

नेपाल मुद्रण उद्योग महासंघ वागमती प्रदेसकाका निवर्तमान सचिव **श्री गोपाल गैरे**ज्यू, चितवन उद्योग संघको उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**खोमकान्त रेग्मी**
अध्यक्ष तथा
**नेपाल मुद्रण उद्योग महासंघ परिवार**

# नेपालका मुद्रण व्यवसायी WPCF को बैठकमा सहभागी हुन बैंङ्कक प्रस्थान






४ आश्विन २०८०, World Print Cummnication Forum (WPCF) को बैठकमा सहभागी हुन नेपाली मुद्रण उद्योगीहरू बैङककमा जानुभएको थियो । नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीको नेतृत्वमा महासचिव श्री कमलप्रसाद पोखरेल, केन्द्रीय सदस्य श्री इन्द्र नेपाल, श्री राजु मिश्र, श्री विनोद पौडेल र महासंघका वरिष्ठ मुद्रण उद्योगीहरू श्री हरिप्रसाद पौडेल, श्री पारस कायस्थ, श्री सोम फुँयाल, सहित ८ जनाको टोली त्यसतर्फ प्रस्थान गरेको थियो । सो समयमा थाइल्याण्डमा संचालित प्रिन्टिङ्ग मेलाको पनि अवलोकन गरिएको थियो उक्त अवसरमा नेपाली टोलीलाई मुद्रण उद्योग महासंघका द्वितीय उपाध्यक्ष श्री राजकुमार घिमिरे, मुद्रण उद्योग संघ काठमाडौंका अध्यक्ष श्री घननारायण श्रेष्ठ, उपाध्यक्ष श्री विष्णु पोखरेल र लगायतले त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलबाट विदाई गर्नुभएको थियो ।

# वागमती प्रदेश मुद्रण उद्योग महासंघको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न





२७ आश्विन २०८०, नेपाल मुद्रण उद्योग महासंघ वाग्मति प्रदेशमा आयोजित २०८० सालको वडा दशौं, शुभ दीपावली एवम् छठपर्व लगायत नेपालीहरूका महान् चाडहरूको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम महासंघको सभाहलमा सम्पन्न भयो ।

वाग्मती प्रदेशका अध्यक्ष श्री अजयवादे श्रेष्ठको अध्यक्षतामा सम्पन्न सो कार्यक्रम नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रम वाग्मती प्रदेशका सचिव श्री लक्ष्मण सिलवाल शर्माबाट संचालन भएको थियो भने कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष श्री पुस्कल गौतम, पूर्व अध्यक्ष श्री माधव केसी, महासंघका केन्द्रीय सल्लाहकार श्री युवराज श्रेष्ठ, महासंघका पूर्व पदाधिकारीहरू लगायत महासंघका पदाधिकारी सहित केन्द्रीय समितिका सदस्यहरू, वाग्मती प्रदेशका वरिष्ठ उपाध्यक्ष श्री कमल कार्की पदाधिकारी र सदस्यहरू काठमाडौं ललितपुरका अध्यक्ष सहित पदाधिकारीहरू र मुद्रण व्यवसायीहरूको उल्लेख्य मात्रामा उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थित सबैले शुभकामना व्यक्त गर्नुभएको थियो ।

# ग्राफिक डिजाइन एवम् मेशिन अपरेटर तालिम उद्घाटन र ११ औं स्थापना दिवस सहित शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न






२८ आश्विन २०८०, मुद्रण उद्योग संघ काठमाडौंद्वारा २८ आश्विन २०८० मा आउँदै गरेका नेपालीहरूका महान् चाड पर्वको शुभकामना सहित मुद्रण उद्योग संघ काठमाडौंले गर्न लागेको ग्राफिक डिजाइन र मेसिन अपरेटरको तालिम पनि शुभारम्भ गर्ने कार्यक्रम एक भव्य समारोह बिच सम्पन्न भयो ।

संघका अध्यक्ष श्री घननारायण श्रेष्ठको अध्यक्षमा सम्पन्न भएको सो कार्यक्रममा वाग्मती प्रदेशका माननीय श्रम, रोजगार तथा यातायात मन्त्री श्री लक्ष्मण लम्सालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य, कृषि समितिका सभापति श्री डिवि वस्नेत, नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मी, निवर्तमान अध्यक्ष श्री पुस्पकल गौतम, वरिष्ठ उपाध्यक्ष श्री विष्णु तिवारी, पूर्व अध्यक्ष श्री माधव केसी, महासंघका पदाधिकारीहरू सहित सचिवालय सदस्य र केन्द्रीय सदस्यहरू महासंघका सल्लाहकारहरू श्री भरत कुमार श्रेष्ठ, श्री युवराज श्रेष्ठ, वाग्मती प्रदेशका अध्यक्ष श्री अजयवादे श्रेष्ठ लगायत पदाधिकारी सहित सदस्यहरू काठमाडौं मुद्रण उद्योग संघका पदाधिकारी र सदस्यहरू सहित पूर्व पदाधिकारी र पूर्व केन्द्रीय सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रममा संघलाई सहयोग प्रदान गर्ने व्यवसायी, अग्रज मुद्रण टेक्निसिएनलाई सम्मान गर्ने कार्यक्रमहरू समेत रहेको थियो । भव्य समारोह विच सम्पन्न भएको सो कार्यक्रममा वाग्मती प्रदेशका माननीय मन्त्रीज्यूले व्यवसायीको समस्या समाधान गरी आगामी दिनमा अगाडि बढ्ने कुराको आश्वासन दिनुभएको थियो ।





# मुद्रण उद्योग संघ चितवनको साधारण सभा सम्पन्न






३० मंसिर २०८०, मुद्रण उद्योग संघ चितवनको २३ औं वार्षिक साधारण सभा तथा पारिवारिक वनभोज कार्यक्रम मुद्रण संघ चितवनका अध्यक्ष श्री सन्दिप सुवेदीको अध्यक्षतामा उदयपुर सामुदायिक वनको पिकनिक प्राङ्गणमा सम्पन्न भयो ।

नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष खोमकान्त रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका उपाध्यक्ष श्री मनोज जि.सी., उपमहासचिव श्री अर्जुन सापकोटा, वाग्मती प्रदेश सदस्य एवं संघका निवर्तमान अध्यक्ष श्री उपकार सापकोटा सहित संघका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू संघका सदस्यहरू सहित उल्लेख्य रूपमा मुद्रण व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

# नेपाल मुद्रण उद्योग महासंघ केन्द्रीय कार्यसमितिको बैठक सम्पन्न



९ पौष २०८०, नेपाल मुद्रण उद्योग महासंघको कार्यसमितिको पूर्ण वैठक पौष ९ गते भक्तपुर मुद्रण उद्योग संघको आतिथ्यतामा भक्तपुर उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न भयो । महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीको अध्यक्षतामा सम्पन्न सो बैठक महासचिव श्री कमलप्रसाद पोखरेलबाट संचालन भएको थियो । कार्यक्रममा निवर्तमान अध्यक्ष पुस्कल गौतम, वरिष्ठ उपाध्यक्ष श्री विष्ण तिवारी, प्रथम उपाध्यक्ष श्री अरूण सापकोटा, द्वितीय उपाध्यक्ष श्री राजकुमार घिमिरे, उपाध्यक्ष श्री पदम श्रेष्ठ महासंघका केन्द्रीय सल्लाहकार श्री युवराज श्रेष्ठ, सचिवालय सदस्यहरू र केन्द्रीय सदस्यहरूका उपस्थिति रहेको थियो । वैठकले महासंघको केन्द्रीय महाधिवेशन लगायत महासंघका निर्माणको सन्दर्भमा कार्ययोजना तयार गरेको थियो । कार्यक्रममा भक्तपुर मुद्रण उद्योग संघलाई कार्यक्रम गर्न सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्दै उपस्थिति सवैलाई धन्यावाद प्रदान गर्दै बैठक समापन गरिएको थियो ।

# छलफल कार्यक्रममा सहभागी

६ पौष गते २०८०, कर प्रणालीमा गर्नुपर्ने सुधारको कार्यक्रममा उद्योग वाणिज्य महासंघद्वारा आयोजित कार्यक्रममा महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीको सहभागिता रहेको थियो । सो कार्यक्रम वस्तुगत तर्फका उपाध्यक्ष श्री हेमराज ढकालको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष श्री अन्जनकुमार श्रेष्ठ, कर तथा राजश्व समितिका सभापति, केन्द्रीय सदस्यहरू, महासंघका लेखा हेर्ने अडिटर लगायत विभिन्न वस्तुगत क्षेत्र र अन्य व्यवसायीहरूका उल्लेख उपस्थिति रहेको थियो । कार्यक्रम महासंघका कार्यकारी अधिकृत विदुर लामिछानेले संचालन गर्नुभएको थियो । मुद्रण क्षेत्रमा कर प्रणालीमा सुधारका विषयमा महासंघका अध्यक्ष खोमकान्त रेग्मीले मुद्रण क्षेत्रको तर्फबाट कर प्रणालीमा सुधार गर्नुपर्ने विषयको बारेमा धारणा राख्नु भएको थियो ।






# सुदुर पश्चिमाञ्चल प्रदेश विस्तारित बैठक तथा अन्तरजिल्ला भेला सम्पन्न




१४ पौष २०८०, नेपाल मुद्रण उद्योग महासंघ सुदुरपश्चिम प्रदेशको बैठक तथा अन्तरजिल्ला भेला सम्पन्न भएको थियो । सुदुरपश्चिम प्रदेश अध्यक्ष श्री महेन्द्रविक्रम शाहको अध्यक्षता सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथि नेपाल मुद्रण उद्योग महासंघका उपाध्यक्ष श्री नर्सिङ्ग धामी हुनुहुन्थ्यो । कार्यक्रमको विशिष्ठ अतिथि नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय सदस्य श्री मनिकान्त मिश्र रहनुभएको सो कार्यक्रममा सुदुरपश्चिम प्रदेशका पदाधिकारीहरू र सदस्यहरू विभिन्न जिल्लाका जिल्ला अध्यक्ष र पदाधिकारी र जिल्ला सदस्यहरू सहित पूर्व उपाध्यक्ष श्री महेश दाहाल सहितको उपस्थिति रहेको थियो । गोदावरी रिसोर्ट कैलालीमा भव्य समारोह विच सम्पन्न सो वैठक तथा भेलामा दिवगंग २ जना मुद्रण व्यवसायीहरूलाई मरणोप्रान्त सम्मान व्यक्त पनि गरिएको थियो । कार्यक्रममा आगामी माघ २० गते सम्पन्न हुने नेपाल मुद्रण उद्योगम महासंघको पाचौं महाधिवेशन भव्य रूपमा सम्पन्न गर्न सवैको सहयोग रहने कुरा व्यक्त गर्दै सवै जिल्लाबाट प्रतिनिधिहरू व्यवस्थापन समेत गरिने निर्णय गरिएको थियो ।




# सचिवालय बैठक सम्पन्न

२५ पौष २०८०, नेपाल मुद्रण उद्योग महासंघको सचिवालय बैठक महासंघको कार्यालयमा सम्पन्न भयो । पौष २५ गते सम्पन्न भएको महासंघको सचिवालय बैठक महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मीको अध्यक्षतामा सम्पन्न भएको थियो । महासचिव श्री कमलप्रसाद पोखरेलद्वारा संचालित सो बैठकमा आगामी महाधिवेशनका सम्बन्धमा वृहद छलफल भएको थियो । १९ र २० गते काठमाडौं स्थित वत्तिसपुतलीमा अनुपम फुडल्याण्डमा सम्पन्न हुने नेपाल मुद्रण उद्योग महासंघको पाचौं महाधिवेशनलाई भव्य एवम् व्यवस्थित वनाउनका लागि सचिवालय वैठकले विभिन्न निर्णयहरू गर्दै बैठक समापन गरिएको थियो ।




# महासंघको सहभागिता

५ मंसिर २०८०, नेपाल पुस्तक तथा स्टेशनरी महासंघ र करेन्ट मिडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.को संयुक्त आयोजनामा मंसिर ५ देखि ९ गतेसम्म भृकुटी मण्डवको प्रर्दशनी हलमा संचालन हुने South Asia International Book Fair-2023 को समुद्घाटन सत्रमा नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष खोमकान्त रेग्मी र महासचिव कमलप्रसाद पोखरेलका सहभागीता रहेको थियो ।

सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डद्वारा उद्घाटन भएको सो कार्यक्रममा नेपाल पुस्तक तथा स्टेशनरी महासंघद्वारा नेपाल मुद्रण उद्योग महासंघलाई निमन्त्रण गरिएको थियो ।



# मुद्रण उद्योग संघ रूपन्देहीको ९ औं साधारण सभा एवम् ५ औं अधिवेशन सम्पन्न

२८ पुष २०८०, मुद्रण उद्योग संघ रूपन्देहीको नवौं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशन भव्य रूपमा सम्पन्न भएको थियो। मुद्रण उद्योग संघ रूपन्देहीका अध्यक्ष श्री लिलाधर लुइटेलको अध्यक्षतामा सम्पन्न सो साधारण सभामा नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष श्री खोमकान्त रेग्मी प्रमुख अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष विष्णु तिवारी, उपाध्यक्ष मनोज जि.सि. केन्द्रीय सल्लाहकार एवम् रूपन्देही मुद्रण उद्योग संघका संस्थापक अध्यक्ष तथा हालका सल्लाहकार खेम लुइटेल, लुम्बिनी प्रदेशका अध्यक्ष संघका सल्लाहकार, महासंघका केन्द्रीय सदस्य तथा रूपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद पराजुली, लुम्बिनी प्रदेशका उपाध्यक्ष, रूपन्देही उद्योग संघका उपाध्यक्ष नेपाल मुद्रण उद्योग महासंघ अन्तरगत लुम्बिनी प्रदेशका पदाधिकारी तथा सदस्यहरू, मुद्रण उद्योग संघ रूपन्देहीका पदाधिकारीहरू तथा सदस्यहरू काजग, मसी लगायत मसलन्द सामान विक्रेताहरू र रूपन्देहीका वरिष्ठ मुद्रण व्यवसायीहरू सहित साधारण सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन पारित गरी जसको जिल्ला समिति निर्माण गरि सम्पन्न भएको थियो ।

उक्त अधिवेशनले पशुपति पौडेलको नेतृत्वमा १५ सदस्यीय कार्यसमिति निर्माण गरेको छ। जसमा निवर्तमान अध्यक्ष लिलाधार लुइटेल, उपाध्यक्ष अरूण पन्थी, उपाध्यक्ष सागर पाठक, सचिव राजु घिमिरे, कोषाध्यक्ष भरतराज पाठक, सहसचिव नरबहादुर राना, सदस्यहरूमा नेत्रप्रसाद आचार्य, मधुसुदन पोखरेल, गणेश पाण्डेय, राजु गिरी, कृष्ण पाण्डे, गोपिनाथ पाण्डे, ऋषिराम आले, राम चौधरी, सुनिल साहनी र हिमालय पौडेल हुनुहुन्छ ।













# कर्णाली प्रदेशको साधारण सभा तथा दोस्रो अधिवेशन सम्पन्न

२०८०/१०/६, नेपाल मुद्रण उद्योग महासंघ कर्णाली प्रदेशको दोस्रो साधारण सभा तथा दोस्रो अधिवेशन भव्य समारोह विच २०८०/१०/६ गते सुर्खेतमा सम्पन्न भएको थियो । अध्यक्ष श्री पञ्चरत्न शर्माको अध्यक्षतामा सम्पन्न सो भेला तथा अधिवेशनमा केन्द्रीय उपाध्यक्ष श्री हिमाकुमारी उपाध्याय, प्रमुख अतिथि रहनु भएको थियो । महासंघकी केन्द्रीय सदस्य श्री हिरामणि चौलागाई, सोम ढकाल सहितको उपस्थिति रहेको सो साधारण सभा तथा अधिवेशनमा विभिन्न जिल्लाबाट उपस्थित प्रदेशका पदाधिकारी सहित सदस्यहरू र जिल्ला अध्यक्ष र लब्ध प्रतिष्ठित मुद्रण व्यवसायीहरूको उल्लेख उपस्थिति रहेको थियो । अधिवेशनले हिमाल नेपालको नेतृत्वमा प्रदेश समिति निर्वाचित गरेको छ । जसअुनसार उपाध्यक्ष दिपेन्द्र प्रसाद उपाध्याय, सचिव निमवहादुर वुढा, कोषाध्यक्ष मानवहादुर खड्का, सदस्यमा जयकला चौलागाई निर्विरोध निर्वाचित हुन भएको छ । कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघको आसन्न २० गते काठमाडौं हुने महाधिवेशनलाई भव्य रूपमा सम्पन्न गर्न हरतरले सहयोग गर्ने समेत निर्णय गरेको थियो ।







*नेपाल मुद्रण उद्योग महासंघ कर्णाली प्रदेशको दोस्रो अधिवेशनबाट निर्वाचित अध्यक्ष सहित सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई*

## हार्दिक बधाई



हिमाल नेपाल
अध्यक्ष



दिपेन्द्र उपाध्याय
उपाध्यक्ष



निम बहादुर बुढा
सचिव



मान बहादुर खड्का
कोषाध्यक्ष



बिन्दु नेपाल
सदस्य



जयकला चौलागाई
सदस्य



बिन्द्रा गुरुङ
सदस्य



सुरेन्द्र रेग्मी
सदस्य



प्रताप के.सी.
सदस्य

नेपाल मुद्रण उद्योग महासंघ
Federation of Nepal Printer's Association


## महासंघको सहभागिता

२४ कार्तिक २०८०, Eren capacity Development Programme of MBL Guide Line and Integration of Skills for Green and Just Transition कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघको तर्फबाट महासंघका महासचिव श्री कमलप्रसाद पोखरेलले सहभागीता जनाउनु भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ र International Lalour Organization द्वारा संयुक्त रूपमा आयोजित कार्यक्रममा महासंघका अध्यक्ष श्री चन्द्रप्रसाद ढकाल लगायतको महत्वपूर्ण उपस्थिति रहेको थियो । गोदावरी भिलेज रिसोर्टमा आयोजना भएको सो कार्यक्रम आवासीय रहेको थियो ।



# मुद्रण उद्योग संघ कास्कीको साधारण सभा एवं अधिवेशन सम्पन्न

मुद्रण उद्योग संघ कास्कीको १४ औं वार्षिक साधारण सभा तथा पाचौं अधिवेशन २०८०/१०/९ गते माछापुच्छे बैङ्केट पोखरामा सम्पन्न भयो । उद्योग वाणिज्य संघ पोखराका अध्यक्ष श्री पवन कुमार प्रजापतिको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा महासंघका पूर्व अध्यक्ष श्री माधव केसी विशिष्ठ अतिथि हुनुहुन्थ्यो । महासंघका प्रथम उपाध्यक्ष श्री अरूण सापकोटा, उपाध्यक्ष श्री पदमलाल श्रेष्ठ, केन्द्रीय सचिव श्री जीवन गोर्खाली, गण्डकी प्रदेशका अध्यक्ष श्री वसन्त वास्तोला, गण्डकी प्रदेशका पदाधिकारीहरू, कास्की मुद्रण संघका पदाधिकारीहरू र उल्लेख्य मात्रामा मुद्रण व्यवसायीहरूको उपस्थिति रहेको थियो । अधिवेशनले चिन्तामणि वास्तोलाको अध्यक्षतामा ११ जना समिति निर्माण गरेको छ। जसमा वरिष्ठ उपाध्यक्षमा दिनेश चन्द्र बास्तोला, प्रथम उपाध्यक्षमा रामप्रसाद भुर्तेल, द्वितीय उपाध्यक्षमा प्रकाशराज पौडेल, महासचिव पदम श्रेष्ठ, सचिवमा राजन कुमाल, कोषाध्यक्षमा अनन्त प्रधानाङ्ग र सहकोषाध्यक्षमा झङ्कनाथ अधिकारी (नारन), सदस्यहरू कृष्णलाल रन्जित, मनोज बाँस्तोला, राजन पौडेल, विश्व प्रधान र सुमन श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभएको थियो ।







*मुद्रण उद्योग संघ कास्कीको अधिवेशनबाट निर्वाचित अध्यक्ष सहित सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई*

## हार्दिक बधाई




नेपाल मुद्रण उद्योग महासंघ
Federation of Nepal Printer's Association

## हार्दिक बधाई



नेपाल मुद्रण उद्योग महासंघ गण्डकी प्रदेशका अध्यक्ष एवं धेरै सामाजिक संघ संस्थामा क्रियाशिल आदरणीय बसन्त बास्तोला ज्यू चन्द्रलोक प्रतिष्ठानको चौथो वार्षिक उत्सवको अवसरमा पूर्व उपराष्ट्रपति सम्माननिय नन्द बहादुर पुन ज्यूबाट सामाजिक क्षेत्रमा पुर्याउनुभएको योगदानको उच्च मुल्यांकन गर्दै राष्ट्रिय सेवा सम्मान-२०८० बाट सम्मानित हुनुभएकोमा हर्षित हुँदै हार्दिक बधाइ ज्ञापन गर्दछौं ।

मनोहर दाहाल
महासचिव
तथा सम्पूर्ण
नेपाल मुद्रण उद्योग महासंघ परिवार
गण्डकी प्रदेश

# मुद्रण उद्योग संघ म्याग्दीको साधारण सभा तथा अधिवेशन सम्पन्न

बेनी, २१ पुष । म्याग्दी मुद्रण उद्योग संघको अध्यक्षमा सन्दिप खत्री चयन हुनुभएको छ । संघको शनिबार बेनी नगरपालिका-६ चुत्रेनीमा सम्पन्न प्रथम साधारणसभा तथा अधिवेशनबाट खत्रीको अध्यक्षतामा कार्यसमिति चयन भएको हो ।

खत्री संघको तदर्थ समितिको पनि अध्यक्ष हुनुहुन्थ्यो । संघको उपाध्यक्षमा रूद्रप्रसाद सुवेदी, सचिवमा सन्तोष ढुङगाना, सहसचिवमा







भुवन रोका र कोषाध्यक्षमा गुमा भट्टराई चयन हुनुभएको छ । सदस्यहरूमा लिलानाथ पौडेल (केशव), खगेन्द्र थापा, चन्द्रबहादुर भण्डारी र दामु रोका रहनुभएको छ ।

नेपाल मुद्रण महासंघ का गण्डकी प्रदेश महासचिव मनोहर दाहालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा म्याग्दी उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष सुविन श्रेष्ठ, मुद्रण संघ कास्कीका अध्यक्ष चिन्तामणी बास्तोला, म्याग्दी टेलरिङ संघका अध्यक्ष गोपाल परियार, सौन्दर्यकला व्यवसायी संघका अध्यक्ष गंगा कार्की लगायतको उपस्थिति रहेको थियो ।




## महासंघको सहभागिता

नेपाल कृषि मेशिनरी व्यवसायी संघको आठौं वार्षिक साधारण सभामा नेपाल मुद्रण उद्योग महासंघका उपाध्यक्ष श्री पदमलाल श्रेष्ठको उपस्थिति रहेको थियो । पोखरा सम्पन्न सो कार्यक्रममा उक्त संघले नेपाल मुद्रण उद्योग महासंघलाई आमन्त्रण गरेको थियो ।





# मकवानपुर मुद्रण उद्योग संघको तेस्रो साधारण सभा सम्पन्न

हेटौंडा, ६ माघ, छपाईको काम जिल्ला बाहिर गएपछि मकवानपुरका मुद्रण व्यवसायीहरू चिन्तित भएका छन् ।

शनिबार हेटौंडामा भएको मकवानपुर मुद्रण उद्योग संघको तेस्रो साधारणसभामा व्यवसायीले मर्का परेको बताएका थिए । साधारणसभालाई सम्बोधन गर्दै नेपाल मुद्रण व्यवसायी महासंघका केन्द्रीय सदस्य इन्द्र नेपालले मकवानपुरमा क्षमतावान व्यवसायी हुँदाहुँदै यहाँका कार्यालयहरू तथा निजी क्षेत्रले बाहिर काम लैजानु दुखद् भएको बताए ।

उनले सप्लायर्सहरूले पनि छपाईको काम लिएर अन्यत्र जिल्लामा जाँदा मकवानपुरका मुद्रण व्यवसायी मर्कामा पर्दै गएको बताए । संघ अध्यक्ष राजु नेपालको अध्यक्षतामा भएको साधारण सभाले सचिव पुरूषोत्तम ढकाल र कोषाध्यक्ष शंकरगोपाल खड्कीद्वारा पेश भएको प्रतिवेदन पास गरेको छ ।

साधारणसभाले वार्षिक कार्ययोजना बनाउने, मुद्रण व्यवसायीको लगानी, रोजगारी सिर्जना, राजश्वमा योगदान लगायतको सर्वे गर्ने निर्णय गरेको छ । कार्यक्रममा हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपाने, मकवानपुर चेम्बर अफ कमर्सका अध्यक्ष माधव न्यौपाने, संघका संस्थापक अध्यक्ष गोकर्ण सुवेदी, निवर्तमान अध्यक्ष अजीव भट्टराई, पूर्वउपाध्यक्ष गोपाल कार्की लगायतले मन्तव्य व्यक्त गरेका थिए ।







## हार्दिक श्रद्धाञ्जली



**स्व. कुसुम वस्नेत**

नेपाल मुद्रण उद्योग महासंघकी पूर्व केन्द्रीय सदस्य, मुद्रण उद्योग संघ बाँकेकी संस्थापक सदस्य तथा मुद्रण उद्योग संघ बाँकेकी निवर्तमान अध्यक्ष श्रीमती **कुसुम वस्नेत**को भएको अकल्पनीय स्वर्गारोहणले हामी र हाम्रो महासंघ परिवार स्तब्ध भएका छौं । दुःखको यस घडिमा स्वर्गीय आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तान परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**खोमकान्त रेग्मी**
अध्यक्ष तथा
**नेपाल मुद्रण उद्योग महासंघ परिवार**

## नेपाल मुद्रण उद्योग महासंघ

केन्द्रीय समिति, काठमाण्डौं

जन्म
वि.सं.१९९०।०२।१७



स्वर्गारोहण
वि.सं.२०८०।०९।०५

**स्व. धन कुमारी घिमिरे**

**हार्दिक श्रद्धाञ्जली एवम् समवेदना**

नेपाल मुद्रण उद्योग महासंघ कोशी प्रदेश समितिका अध्यक्ष श्री लव कुमार घिमिरेको पुज्या माता **धन कुमारी घिमिरे** को मिति २०८० पुष ५ गते बिहिवारका दिन असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद् घडीमा बुहारी मञ्जु बाँनिया घिमिरे, छोरीहरु अम्बिका भण्डारी, शकुन्तला कार्की र गोमा बस्नेत तथा परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

| खोमकान्त रेग्मी | राजन पाठक | कमल पोखरेल |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | महासचिव |

**नेपाल मुद्रण उद्योग महासंघ परिवार**
मिति : २०८० पुष ९ गते सोमबार

# मुद्रण उद्योग संघ सुर्खेतको साधारण सभा एवम् अधिवेशन सम्पन्न

६ माघ २०८०, मुद्रण उद्योग संघ सुर्खेतको साधारण सभा तथा अधिवेशन भव्य समारोह बिच सम्पन्न भएको थियो ।

सुर्खेतमा सम्पन्न सो कार्यक्रमको अध्यक्षता जिल्ला अध्यक्ष श्री हिमाल नेपालको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्यता नेपाल मुद्रण उद्योग महासंघकी केन्द्रीय उपाध्यक्ष श्रीमती हिमाकुमारी उपाध्याय हुनुहुन्थ्यो । अधिवेशनले वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन सर्व सहमतीले पारित गर्दै श्री टेकवहादुर पहाडीको नेतृत्वमा नया कार्यसमिति निर्माण भएको थियो ।

कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय सदस्य श्री हिरामणि चौलागाई र श्री सोम ढकाल, प्रदेश अध्यक्ष श्री हिमाल नेपाल, प्रदेशका पदाधिकारीहरू सहित निवर्तमान प्रदेश अध्यक्ष श्री पञ्चरत्न शर्मा र सुर्खेतमा रहेको मुद्रण व्यवसायीहरूको महत्त्वपूर्ण उपस्थिति रहेको थियो । साथै त्यस समयको साधारण सभाले माघ २० मा हुने महाधिवेशनमा प्रतिनिधि पठाउने नामावली पनि तयार गरेको थियो ।








*मुद्रण उद्योग संघ सुर्खेतको अधिवेशनबाट*
*निर्वाचित अध्य क्ष सहित सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई*

## हार्दिक बधाई


टेक बहादुर पहाडी
अध्यक्ष


राजेश पुन मगर
उपाध्यक्ष


सविन गौतम
सचिव


देउदत्त पौडेल (देवेन्द्र)
कोषाध्यक्ष


पुतला रावत (खड्का)
सदस्य


सरिता नेपाल
सदस्य


शुक्र गौतम
सदस्य


डम्बर ब. खत्री
सदस्य


भुवन बुढाथोकी
सदस्य

नेपाल मुद्रण उद्योग महासंघ
Federation of Nepal Printer's Association



## हार्दिक बधाई



**श्री डी. बी. बस्नेत**

नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य एवम् कृषि उद्यम केन्द्रका सभापति आदरणीय दाजु **श्री डी.बी. बस्नेत**ज्यू राष्ट्रिय सहकारी महासंघको ३१ औं वार्षिक साधारण सभाबाट उपाध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा हार्दिक बधाई एवं सफल कार्यकाल को शुभ कामना ब्यक्त गर्दछु

खोमकान्त रेग्मी
अध्यक्ष तथा
**नेपाल मुद्रण उद्योग महासंघ परिवार**

# मुद्रण उद्योग संघ झापाको साधारण सभा एवम् अधिवेशन सम्पन्न



१४ माघ २०८० । मुद्रण उद्योग संघ झापाको छैटौं वार्षिक साधारणसभा एवम् दोस्रो अधिवेशन सम्पन्न भएको छ । संघका अध्यक्ष युवराज डाँगीको अध्यक्षतामा रहेको कार्यक्रम मुद्रण व्यवसायी रमेशकुमार रिजालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । अधिवेशनबाट रोहितकुमार भट्टराईको अध्यक्षतामा ११ सदस्यीय नयाँ समिति समेत चयन गरिएको छ । समितिको उपाध्यक्षमा गोविन्द निरौला, सचिवमा भानु खनाल, कोषाध्यक्ष रमेश बस्नेत, सहसचिवमा टंक निरौला चयन भए । त्यस्तै सदस्यहरूमा पुण्यप्रसाद खतिवडा, राजु पोखेल, विष्णु सुब्बा, मिनबहादुर कार्की, राजु साह, विष्णु बराल निर्विरोध चयन भएका छन् । सुखानी सहिद स्मृति प्रतिष्ठान, सालवारीमा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष खड्गबहादुर खड्काले गरेको कार्यक्रमको सञ्चालन सचिव रोहितकुमार भट्टराइले गरेका थिए ।




*मुद्रण उद्योग संघ झापाको छैटौं अधिवेशनबाट*
*निर्वाचित अध्यक्ष सहित सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई*


## हार्दिक बधाई



रोहितकुमार भट्टराई — अध्यक्ष
गोविन्द निरौला — उपाध्यक्ष
भानु खनाल — सचिव
टंक निरौला — सह-सचिव
रमेशकुमार बस्नेत — कोषाध्यक्ष
मिनबहादुर कार्की — सदस्य
राजु पोखरेल — सदस्य
राजकुमार शाह — सदस्य
विष्णु सुब्बा — सदस्य
पुण्यप्रसाद खतिवडा — सदस्य
विष्णु बराल — सदस्य

**नेपाल मुद्रण उद्योग महासंघ**
**Federation of Nepal Printer's Association**

## हार्दिक बधाई



**श्री नरेशलाल श्रेष्ठ**

नेपाल उद्योग वाणिज्य महासंघ केन्दीय सदस्य
**श्री नरेशलाल श्रेष्ठ**ज्यू,
नेपाल निर्यात परिषद्को अध्यक्षमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**खोमकान्त रेग्मी**
अध्यक्ष तथा
**नेपाल मुद्रण उद्योग महासंघ परिवार**

# मुद्रण उद्योग संघ बाँकेको छैठौं अधिवेशन सम्पन्न

## बिनोद पौडेलको नेतृत्वमा ११ सदस्य समिति चयन

१५ माघ २०८० मा नेपाल मुद्रण उद्योग बाँकेको छैठौं अधिवेशन भव्य रुपमा सम्पन्न भयो । नेपाल मुद्रण उद्योग संघ बाँकेका अध्यक्ष बिनोद पौडेलको अध्यक्षतामा सम्पन्न सो अधिवेशनको नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय सहसचिव मिना सुवेदी ढकाल, प्रमुख आतिथ्यता, महासंघका केन्द्रीय सदस्य चण्डी प्रसाद गैरे, मुद्रण संघ बाँकेका संस्थापक अध्यक्ष ज्योति लाल भण्डारी, मुद्रण संघ




लुम्बिनी प्रदेशका उपाध्यक्ष पूर्णलाल चुके लगायत बाँके जिल्लाका सम्पूर्ण मुद्रण व्यवसायीहरूको उपस्थिति रहेको थियो। अधिवेशनले नेपाल मुद्रण उद्योग संघ बाँकेको अध्यक्षमा पुन बिनोद पौडेल सर्वसम्मत निर्वाचित हुनुभएको छ । सोमवार भएको संघको छैठौं अधिवेशनले पौडेललाई दोस्रो कार्यकालका लागि अध्यक्ष चयन गरेको हो । नयाँ कार्यसमितिको उपाध्यक्षमा बिधान न्यौपाने, सचिवमा नोखराज रावत, सहसचिवमा हरी प्रसाद ज्ञवाली, कोषाध्यक्षमा मोहमद वाहाव खान, सहकोषाध्यक्षमा ढकबहादुर थारु निर्वाचित भएका छन्।

त्यस्तै सदस्यमा केशव उपाध्याय, चन्द्र कंडेल, डिल्लीरमन ओली, महेश ज्ञवाली, मोहमद आवेश खान रहेका छन् । पूर्णलाल चुकेको संयोजकत्वमा बनेको निर्वाचन समितिले नयाँ कार्यसमिति घोषणा गरेको हो । अधिवेशनको उद्घाटन सत्रमा बोल्दै उद्योगी, व्यवसायीहरुले आर्थिक संकटका बारेमा सरकारको ध्यानार्कषण गराए। आर्थिक संकटले मुद्रण उद्योगमा परेको मर्काका बारेमा चर्चा गर्दै उनीहरुले मुद्रण उद्योगलाई चलायमान बनाउन नीति आवश्यक रहेको निष्कर्ष निकालिएको थियो।

कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघकी




केन्द्रीय उपसचिव मिना सुवेदी ढकाल, केन्द्रीय सदस्य चण्डीप्रसाद गैरै, संस्थापक जिल्ला अध्यक्ष ज्योतीलाल भण्डारी, प्रदेश उपाध्यक्ष पूर्णलाल चुके लगायतले बोलेका थिए । बन्दसत्रमा प्रस्तुत लेखा तथा सांगठनिक प्रतिवेदन सर्बसम्मतरुपमा पारित भएको थियो।

*मुद्रण उद्योग संघ बाँकेको छैठौं अधिवेशनबाट*
*निर्वाचित अध्यक्ष सहित सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई*

**हार्दिक बधाई**




नेपाल मुद्रण उद्योग महासंघ
Federation of Nepal Printer's Association

# कार्यक्रमका केही झलकहरू





























Email: fnpa2068@gmail.com, Web: www.fnpa.org.np